नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं
( आन्तरिक व्यवस्थापन शाखा)

पत्र संख्या :- ०७६/०७७
चलानी .नः २१५

मितिः- २०७६/०५/०४

श्री प्रदेश मन्त्रालय/आयोग/सचिवालय/निर्देशनालय/कार्यालय सबै,
श्री स्थानीय तह सबै,

विषयः- कार्य सम्पादन मूल्यांकन सम्बन्धमा।

प्रस्तुत विषमा कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम संघमा समायोजन भई स्थानीय तह तथा प्रदेश सरकारमा कामकाजका लागि खटिएका कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन गर्ने सम्बन्धमा देहाय बमोजिम गर्ने गराउने व्यवस्था हुन नेपाल सरकार (सचिवस्तर) को मिति २०७६/०५/०४ को निर्णयानुसार अनुरोध छ ।

१. श्रेणीविहिन तथा राजपत्र अनंकित कर्मचारीहरुको हकमा स्थानीय तह तथा प्रदेश सरकारमा संघमा समायोजन भएका निजामती सेवा ऐन तथा नियमावलीमा तोकिए बमोजिमको सुपरिवेक्षक तथा पुनरावलोकनकर्ता उपलब्ध भएमा सुपरिवेक्षण, पुनरावलोकन एवं पुनरावलोकन समितिबाट मूल्यांकन गर्ने र उपलब्ध नभएमा मूल्यांकन सम्पन्न हुन नसकेको तहको मूल्यांकनका लागि सम्बन्धित सेवा संचालन गर्ने संघीय मन्त्रालय/कार्यालयमा पठाउने ।
२. रापत्रांकित कर्मचारीहरुको हकमा सम्बन्धित स्थानीय तह वा प्रदेश सरकारमा संघमा समायोजन भएको निजामती सेवा ऐन तथा नियमावली बमोजिम तोकिएको सुपरीवेक्षक एवं पुनरावलोकनकर्ता उपलब्ध भएमा सुपरीवेक्षण एवं पुरावलोकन गरी पुरावलोकन समितिको मूल्यांकनका लागि सम्बन्धित सेवा संचालन गर्ने संघीय मन्त्रालयमा पठाउने ।

२०७६।५।४

(जगत प्रसाद भुसाल)
शाखा अधिकृत

बोधार्थ:-
श्री सूचना तथा प्रविधि शाखाः- Website मा Upload गरिदिनु हुन ।